# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बाघखोर, नुवाकोट
वागमती प्रदेश, नेपाल

मिति : २०७७/०४/१६

सूचना !!　　　　सूचना !!　　　　सूचना !!!

<u>बेलकोटगढी नगरपालिकाको अत्यन्त जरुरी सूचना !!</u>

मुलुक विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड – १९ को संक्रमणको सामना गरिरहन परेको यस विषम परिस्थितिमा प्राकृतिक विपद बाढी - पहिरोको चपेटामा परेको छ। यस नगर क्षेत्र भित्र समेत १३ वटै वडामा नागरिकहरुको – बासस्थान, जग्गा जमिन, मठ - मन्दिर, भौतिक संरचना (स्वास्थ्य कार्यालय, विद्यालय), पर्खाल, सडक, कृषियोग्य जमिन लगायत अन्य निर्मित संरचना भारी वर्षात- पहिरोमा पर्नुका साथै कयौं पशुचौपायाहरु पुरिएका छन् भने मानवीय क्षति सम्म हुन पुगेको छ। मृत आत्माको चिर शान्तिको कामना सहित शोक संतप्द परिवारमा हार्दिक समवेदना प्रकट गर्दै यस संवेदनशिल घडीमा नगरपालिका र वडागत तहमा **नगर प्रमुख**को प्रत्यक्ष निर्देशन अनुरुप बेलकोटगढी नगरपालिकाले प्रभावित नागरिकहरुको जीवन रक्षा, उद्धार र राहतको कार्यलाई प्रभावकारी बनाउन पूर्ण रुपमा प्रतिवद्ध भई पिडित वर्गलाई सुरक्षित ठाउँमा स्थानान्तरण, राहत वितरण जस्ता काम कारवाही गरिरहेको छ भने संघिय र प्रदेश सरकार संग आवश्यक सहयोगको लागि अपिल गरिएको छ। साथै यस विपदको घडिमा सहयोग गर्ने सम्पूर्ण सरोकारवालाहरु प्रति आभार प्रकट गर्दै इच्छुक दाताहरुमा नगद सहयोगको हकमा यस नगरपालिकाको सानिमा बैंक लि., विदुर शाखामा रहेको <u>प्रकोप व्यवस्थापन कोषको खाता नं. ०४१०१००४००००० ९५</u> मा रकम जम्मा गर्न; जिन्सी सामाग्रीको हकमा वडागत विपद व्यवस्थापन समिति वा यस नगरपालिका कार्यालय सँगको समन्वयमा वास्तविक पिडित पहिचान गरी वितरण गर्ने/ गर्न लगाउने र सहायताको नाममा कसैले पनि चन्दा उठाउन, आफूखुसी वितरण गर्न नपाउने व्यहोरा समेत अनुरोध छ।

(राजेन्द्र रमण खनाल)
नगर प्रमुख
एवं बेलकोटगढी नगरपालिका परिवार